सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ ✵ अंक : १७ ✵ २०७९ साल, असोज २६ गते बुधबार, ✵ Wednesday 12 Oct, 2022 मूल्य रू. ५/- ✵ पृष्ठ : ४

# बागी उम्मेदवारी फिर्ता लिन गठबन्धनको निर्देशन, अन्यथा पार्टीबाट निकालिने



काठमाडौं, २५ असोज ।

सत्ता गठबन्धनमा आवद्ध दलहरूले बागी उम्मेदवारी दिएकाहरुलाई फिर्ता लिन निर्देशन दिएका छन् । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा गठबन्धनको सहमतिबिना उम्मेदवारी दिने नेता कार्यकर्तालाई भोलि दिउँसो १ बजेसम्म उम्मेदवारी फिर्ता लिन गठबन्धनका शीर्ष नेताहरुले निर्देशन दिएका हुन् । 'निर्वाचन आयोगले तोकेको समयसीमा भित्र उम्मेदवारी फिर्ता नलिए सम्बन्धित पार्टीहरूले निष्काशन गर्ने', आज बसेको सत्ता गठबन्धनको बैठकले निर्णय गरेको विज्ञप्तिमार्फत जनाइएको छ ।रु

सत्ता गठबन्धनमा आवद्ध दलका शीर्ष नेताहरु नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संयुक्त विज्ञप्तिमा हस्ताक्षर गर्दै सहमतिविपरीतका उम्मेदवारी फिर्ता गर्न सम्बन्धित पार्टीका निकायहरूलाई भूमिका खेल्न भनेका छन् । (साभार–रातोपाटी)

## नौ किलो गाँजासहित पर्सामा दुई युवक पक्राउ



पर्सा, २५ असोज ।

वीरगन्ज महानगर भित्रबाट पर्सा प्रहरीले नौ किलो ३ सय ग्राम प्रतिबन्धित लागुऔषध गाँजासहित दुई युवकलाई पक्राउ गरेको छ । पर्साको वीरगन्ज महानगरपालिका वडा नम्बर १ जगतीया चोकबाट ती युवकलाई पर्सा प्रहरीले गाँजासहित पक्राउ गरेको हो । पक्राउ पर्ने युवकहरू पर्साको धोविनी गाउँपालिकाका ५ का नन्दलाल दास र पर्साकै छिपहरमाई गाउँपालिका वडा नम्बर ३ का बाघा यादव रहेको पर्साका प्रहरी नायब उपरीक्षक दिपक गिरीले बताए । उनीहरुले बीआर २२ के २१८०

*(बाँकी तेश्रो पेजमा)*

## एक करोडभन्दा बढीको सामानसहित तीनवटा ट्रक पक्राउ



पर्सा, २५ असोज ।

वीरगन्जको स्थानीय जयमाँ दुर्गा रोड क्यारियर्स (ट्रान्सपोर्ट) बाट छुटेका तीनवटा मालवाहक ट्रकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ । बिल विजकमा नभएको राजश्व छलीको सामानसहित गन्तव्यतर्फ जाँदै गरेका ती मालवाहक सवारीलाई सशस्त्र प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका तीन वटा ट्रकसहित राजश्व छलीका मालसामानको बजार मूल्य १ करोड १३ लाख ४८ हजार ८ सय ५८ रुपैयाँ रहेको सशस्त्र प्रहरी बल गण नम्बर १३ का सशस्त्र प्रहरी नायव उपरीक्षक सन्तोष बस्नेतले बताए ।

राजश्व छलीको अवैध मालसामान लिएर गन्तव्यतर्फ जाँदै गरेका ३ वटा मालवाहक ट्रकलाई आर्थिक नगरी वीरगन्जको स्थानीय जयमाँ दुर्गा रोड क्यारियर्स (ट्रान्सपोर्ट) बाट छुटेको खुलेको उनको भनाइ छ । बिल विजकभन्दा बढी मालसामान लिएर गन्तव्यतर्फ हिंडेका ट्रकहरूमा ना ३ ख १००९ नम्बरको, ना ६ ख ७१ र ना ६ ख १८७८ नम्बरका अवैध सामान लोड गरिएका ट्रक रहेको सशस्त्र प्रहरी बल पर्साले जनाएको छ । ती तीनवटै मालवाहक सवारीलाई सशस्त्र प्रहरी बल

*(बाँकी तेश्रो पेजमा)*

## छठमा घाट व्यवस्थापन गरिदिन कामपालाई पत्राचार




काठमाडौँ, २५ असोज ।

हिन्दुहरूको महान् आस्थाको पर्व छठ मनाउनका लागि रानीपोखरीमा घाट लगायतका कुराको व्यवस्थापन गरिदिन मधेशी आयोगले काठमाडौँ महानगरपालिकालाई पत्राचार गरेको छ । आयोगकी उपसचिव सविता डंगोलले हस्ताक्षर गरेको पत्रमा रानीपोखरीको पुनर्निर्माण सकिएको र सञ्चालनमा रहेकाले गर्दा विगतमा झैँ यो वर्ष छठ मनाउन घाट बनाई व्रतालुलाई छठ पर्व मनाउन सहयोग गरिदिन उल्लेख छ ।

आयोगका अध्यक्ष डा. विजयकुमार दत्तका स्वकीय सचिव दीपेन्द्र कर्णका अनुसार आयोगमा विभिन्न संघ–संस्थाले लिखित तथा मौखिक रूपमा छठ पर्वका लागि रानीपोखरीमा घाट निर्माणका लागि समन्वय गरिदिन निवेदन दिएपछि आयोगका अध्यक्ष डा. दत्तको निर्देशनमा आयोगले पत्राचार गरेको हो । (साभार–रातोपाटी)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## करणी गरेको आरोपमा युवक पक्राउ

उदयपुर, २५ असोज ।

७ वर्षीया बालिकालाई करणी गरेको आरोपमा उदयपुरमा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चौदण्डीगढी नगरपालिका–९ ज्रुयामिरे बस्ने २० वर्षीय दर्पण पञ्जियार (थारु) रहेका छन् । आइतबार करणी गरी फरार भएका उनलाई सोमबार राति इलाका

*(बाँकी तेश्रो पेजमा)*

## कैलाली–५ मा नागरिक उन्मुक्ति पार्टीका लक्ष्मण थारुको उम्मेदवारी बदर



धनगढी, २५ असोज ।

उच्च अदालत दिपायलले जन्म कैदको फैसला सुनाएका नागरिक उन्मुक्ति पार्टीका लक्ष्मण थारुको उम्मेदवारी बदर भएको छ । वारेसमार्फत कैलाली निर्वाचन क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका थारुको उम्मेदवारी बदर भएको मुख्य निर्वाचन अधिकृतकको कार्यालयले जनाएको छ । स्वतन्त्र उम्मेदवार रामबहादुर सिंहले फौजदारी अभियोग लागेर अदालतले जन्म कैदको सजाय हुने फैसला सुनाएका थारुको उम्मेदवारी खारेज गर्न माग गर्दै हालेको निवेदनमाथि सुनवाइ गर्दै मुख्य निर्वाचन अधिकृत ओमप्रकाश अर्यालले उम्मेदवारी बदर हुने निर्णय सुनाएका हुन् ।

थारुलाई ज्यान मार्ने उद्योगमा जिल्ला अदालत कैलालीबाट सजाय भएको र उच्च अदालतले कर्तव्य ज्यान मुद्दामा जन्म कैदको सजाय तोकेकाले उनको उम्मेदवारी बदर हुने निर्णय गरिएको अर्यालले बताए । मुख्य निर्वाचन अधिकृतको कार्यालयले थारुलाई मंगलबार दिउँसो ३ बजेभित्र प्रमाणसहित उम्मेदवारी बदर गर्न नपर्ने कारण पेश गर्ने समय दिएको थियो ।

*(बाँकी तेश्रो पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
DAILY दैनिक




प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# अग्निपरीक्षामा मधेस केन्द्रित दल

रणधीर चौधरी

घटनाक्रमले प्रस्ट देखाउँछ कि राजनीतिमा दक्खल दिन सक्ने ल्याकत बोकेका मधेसी दलहरू अहिले कमजोर बनेका छन् । मधेस केन्द्रित रहेर राजनीति गर्ने वर्तमान नेतृत्वपंक्तिको कौशलता र भरोसाबारे मधेसतिर खुब चर्चा हुने गरेको छ । मधेस केन्द्रित दलहरूले थालेको परम्परागत राजनीतिपश्चात् अब यी दललाई हेर्ने दृष्टिकोण कस्तो छ ? मंसिर ४ पश्चात् मधेस केन्द्रित राजनीतिको एउटा अध्याय समाप्त होला वा निरन्तरता पाउला ?



**फर्केर हेर्दा**

२०६३ माघ १ गते अन्तरिम संविधानमा संघीयताबारे उल्लेख नगरेका कारण संविधान जलाइयो । त्यसपश्चात् उपेन्द्र यादवसहित झन्डै दुई दर्जन मधेसीको गिरफ्तारीले मधेसलाई आक्रोशित गरेको थियो । माघ ५ मा लहानमा रमेश महतोको हत्या हुनुले मधेस आन्दोलनलाई जनजनमा फैलायो । ३९ जना आन्दोलनकारीको शहादतका कारण तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला दुई/दुईपटक सम्बोधन गर्न बाध्य भए । आन्दोलनका माग सम्बोधन गर्ने भनी २२ बुँदे सम्झौतासमेत गरे । नेपाली कांग्रेसबाट विद्रोह गरी निस्केका महन्थ ठाकुरलगायत केही नेताले २०६४ फागुनतिर तराई–मधेस लोकतान्त्रिक पार्टी गठन गरी दोस्रो मधेस आन्दोलन थाले । फागुन १६ गते बालुवाटारमा आठबुँदे सम्झौता भयो ।

राज्यका सबै अंगमा मधेसीलगायत अन्य सीमान्तकृत समुदायलाई समावेशी समानुपातिक सहभागिता, मुलुक संघीय प्रणालीमा जाने, मधेस प्रदेश सुनिश्चित गर्ने, नेपाली सेनामा मधेसीको समावेशी र सामूहिक प्रवेशलगायतका मागसहितको सम्झौता भयो । मधेसको मुद्दाको सवालमा राज्य सत्तामा रहेका मधेस केन्द्रित दललाई सडकबाटै घुँडा टेकाउने ल्याकत राखे मधेसी जनताले । जसले पछिल्लो डेढ दशकमा यी दलहरूको मनोबल पनि बढाए र समयसमयमा दण्डित पनि गरे । २०६४ देखि २०७४ सम्मको यात्रा तय गर्दा महन्थ ठाकुर र उपेन्द्र यादवको पार्टीमा फुटको लामो शृंखला नै चल्यो । यसलाई आमनागरिकले 'नयाँ–सामान्य' (न्यू नर्मल) ढंगले लिन थालेका थिए ।

पछिल्लो समय केपी शर्मा ओलीले २०७७ वैशाखमा ल्याएको राजनीतिक दलसम्बन्धी अध्यादेश (पार्टी फोड अध्यादेश) को बेला उपेन्द्र यादवको समाजवादी पार्टी पनि विभाजनको संघारमा पुगेको थियो । मध्यरातमा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपालसँग एकीकरण गरी समाजवादी पार्टी जोगिएको थियो । मधेस केन्द्रित दलप्रति विश्वास राख्ने आमजनता उत्साहित भए । तर, मधेसका मुद्दा एउटै रहेको आलाप गाउने यी दुवै दलको एकीकरण एउटा ठूलो भ्रमको रूपमा स्थापित भयो । जसपाका जब्बर अध्यक्ष उपेन्द्र यादवले त झन्डै दुई वर्षपहिले नै एउटा राष्ट्रिय टेलिभिजनमा भनेका थिए, 'मलाई मार्क्सवाद, समाजवादहरू थाहा छ । यो मधेसवाद के हो ?' के अहिले पनि फेरि मधेसवादको गीत गाउन उनको नैतिकताले आज्ञा देला त ?

घटनाक्रमले प्रस्ट देखाउँछ कि कुनै बेला काठमाडौंको राजनीतिमा दक्खल दिन सक्ने ल्याकत बोकेका दलहरू अहिले असाध्यै कमजोर बनेका छन् । अर्को छ, चन्द्रकान्त राउत (सीके राउत)को जनमत पार्टी । मधेसलाई अलग देश बनाउने हल्ला मच्चाएर मधेस केन्द्रित राजनीतिमा आए । यसरी आएका उनलाई केही वर्षमै केपी शर्मा ओलीले मूलधार भनिने परम्परागत राजनीतिमा अवतरित गराए । त्यसपश्चात् उनी अहिले राजनीतिक दिशाको खोजमा संघर्षरत छन् । २०६४ सालतिर पूर्वदेखि पश्चिमसम्म मधेसवादी दलहरूको अवस्था राम्रै थियो । तर ती दलहरूको संगठनात्मक अवस्था कतिसम्म फितलो थियो भने अभिषेकप्रसाद शाह, □दयेश त्रिपाठी, ब्रिजेश गुप्ताहरूले मधेस केन्द्रित दल त्यागदा उक्त जिल्ला र क्षेत्रहरूमा यी दलहरूको वास्तविकता उदांगियो ।

त्रिपाठी २०७४ सालमा नेकपा एमालेको चुनाव चिह्नबाट सांसद बने । दोस्रो संविधानसभाको निर्वाचनमा उपेन्द्र यादव मोरङबाट चुनाव जिते । अर्को चुनाव सुनसरीबाट र त्यसपछि उनले सप्तरीबाट चुनाव लड्नु पर्‍यो । यसले उनको दलको हैसियत प्रदेश १ तिर कस्तो छ भनी प्रस्ट दर्शाउँछ । २०७२ मा संविधान जारी भइरहँदा राजपा र समाजवादी पार्टीहरू संविधानसभाबाट बाहिर थिए । मधेस आन्दोलन चरम उत्कर्षमा पुगेको थियो । राज्यले मधेसमा अत्यधिक बल प्रयोग गरी संविधान जारी गर्‍यो । त्यसपश्चात् उपेन्द्र यादवले 'संविधान पुनर्लेखन' र महन्थ ठाकुरले 'संशोधन'को विषयलाई माग र मुद्दाका रूपमा उठाए । निर्वाचनमा भाग लिन्नँ भनी मधेस कांग्रेस–एमालेलाई सके जति विरोध गरे । तर, नाटकीय ढंगले प्राप्त उपलब्धिको संरक्षण गर्ने नाममा ढिलोगरी निर्वाचनमा उत्साहका साथ सहभागी भए ।

बदलिँदो भूराजनीतिक परिवेशमा मधेसवादी दलहरूको उपदेयतामा पनि परिवर्तन आएको छ । मंसिर ४ पछि वर्तमान मधेस केन्द्रित राजनीति के होला ? त्यो भने समयले नै बताउने छ । कोभिड महामारी, लिपुलेक, एमसीसी–एसपीपी र संसद् विघटनका मुद्दामा पाँच वर्ष संसद्नै रुमलिएर समय व्यतित भयो । यी चार मुद्दाका साथै नागरिकता विषय मधेसमा चुनावी एजेन्डाको रूपमा रहने निश्चित छ । अहिलेको अवस्थामा मधेसको साझा एजेन्डा नागरिकता विषयमा पनि मधेस केन्द्रित दलले रणनीतिक फाइदा लिन सक्ने अवस्था छैन । यसबारे चर्चा गर्दा मंसिर ४ को चुनावमा २०७४ सालको निर्वाचनपश्चात् देशमा नेपाल कम्युनिस्ट पार्टीको सरकार गठन भयो । जसमा प्रचण्डका सहयात्री उपेन्द्र यादव पनि दुईबुँदे सम्झौताको खोस्टो गोजीमा हाल्दै सत्ता साझेदार भएका थिए । उपेन्द्र यादव सरकारमा रहँदासम्म नेकपा सरकारले नागरिकता विधेयकबारे ओठ खोलेन ।

जब ओलीले संसद् विघटन गरे तब नागरिक स्तरबाट विरोध सुरु भएपछि सरकार जोगाउने खेलका सहयात्री पात्रका रूपमा महन्थ ठाकुरलाई सदुपयोग गर्न ओलीले नागरिकता विधेयकसम्बन्धी अध्यादेश ल्याए । कागजको मसी नसुक्दै राष्ट्रपतिले प्रमाणीकरण गरिन् । अहिले गठबन्धन सरकारले ल्याएको नागरिकता विधेयकमा शीतल निवासको 'राजनीतिक तिर्सना'ले देशकै राजनीतिमा गर्माहट ल्याइदिएको छ । नागरिकतामा कसरी राजनीति हुँदो रहेछ भन्ने कुरा माथिका दुई तथ्यले प्रस्तुत गर्न खोजेको छ । यसमा पनि मधेस केन्द्रित दलहरू चुके । उपेन्द्र यादव सरकारमा मन्त्री रहे तर नागरिकताबारे केही बोलेनन् ।

अर्कोतिर उनले केपी ओलीले चालेको असंवैधानिक कदमको साथ दिए । मधेसीहरूको नागरिकता समस्या समाधान गर्न मैले अध्यादेश ल्याएको थिएँ भनेर एमालेले भजाएको पनि पाइयो । नागरिकतामा राष्ट्रवाद घुसाएर हिमाल र पहाडका सोझा जनतालाई झुक्याउने काम पनि भए । यता नेपाली कांग्रेसले नागरिकता विधेयकमा लिएको ऐतिहासिक अग्रसरताले मधेसमा नाफा खोजेको देखिन्छ । तर, जसपा र लोसपा जति कराए पनि पछिल्ला पाँच वर्षमा यिनीहरूको 'संसदीय प्रस्तुति'को मापन मधेसमा भएको हुनुपर्छ । नागरिकता पीडितको संख्या मधेसमा बढी छ । उनीहरूले पाँच वर्षमा नागरिकता विषय समाधानका लागि थुप्रै पटक सडकमा संघर्ष गरेका छन् ।

**मधेस मोडल र मनोविज्ञान**

२०७४ सालको संसदीय र प्रादेशिक निर्वाचनपश्चात् सातमध्ये केवल एक प्रदेशमा मधेस केन्द्रित दलहरूको संयुक्त सरकार बन्यो । संघीयताको कुशल सञ्चालक बनेर सुशासनयुक्त सेवा प्रदान गर्नुपर्थ्यो । जनतालाई संघीयताको अनुभूति गराउनुको सट्टा पुराना दलजस्तै अल्झिए । फरक प्रस्तुति केही दिन सकेनन् । मधेस प्रदेशको मुख्यमन्त्री कार्यालयमै सबैभन्दा बढी भ्रष्टाचारका काण्डहरू देखिएका छन् । मधेसी जनताले मधेस केन्द्रित दलको नेतृत्वमा 'मधेसको नमुना' सरकारको कुशासनयुक्त नमुना सरकारको अनुभव लिन पायो ।

त्यसैगरी, माओवादी विद्रोहपछि देशभर वर्गीय मुक्तिका सपनाहरू देखाइए । मधेस आन्दोलनले तराई–मधेसमा पनि दबिएर रहेका वर्गहरूमा राजनीतिप्रति चासो मात्र बढाएनन्, हरेक समाजमा राजनीतिक संरक्षक खोज्नेहरूको संख्या पनि बढाए । मधेसका मुद्दाहरूबारे खुलेर वकालत गर्ने नागरिक समूहले पनि आकार लियो । सामान्य मनोविज्ञान के भने अहिले मधेसमा राजनीतिक शक्तिमा पहुँचको हावी बलियो छ । मधेस आन्दोलनका कारण पछिल्लोपटक मधेस केन्द्रित दललाई मत दिने सामान्य जनताले पनि सोच्न थालेका छन् । उनीहरू मधेसवादी दललाई मत दिने तर यिनीहरू राजनीतिक शक्ति आर्जन गर्न उही कांग्रेस र एमालेको शरण पर्ने ? त्यो पनि काठमाडौं गएररु ! अर्थात् राज्य शक्तिको सीधा पहुँचभन्दा धेरै टाढा छन् यी दलहरू ।

अहिले लोसपा र जसपाबाट केन्द्रीय कार्यसमिति सदस्यदेखि सामान्य कार्यकर्तासम्म दलबदल गरी एमाले, कांग्रेसजस्ता ठूला दलमा हाम फालिरहेका छन् । लोसपाबाट जाने नेताहरू पार्टीमा आन्तरिक लोकतन्त्रको कमी र परिवारवाद हाबी भएको आरोप

(बाँकी तेश्रो पेजमा)

# दलहरू महिलालाई मतदातामा मात्र सीमित गर्दैछन्

डा. मीना पौडेल

आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन हुँदैछ । त्यसका लागि भर्खरै उम्मेदवारी मनोनयन दर्ता सकिएको छ । उम्मेदवारी मनोनयन दर्ताको तथ्यांकलाई खासगरी समानुपातिक र समावेशिताको दृष्टिकोणबाट हेर्दा निकै दयनीय अवस्था देखिन्छ । दलहरूले महिलालाई केवल मतदाताको भूमिकामा मात्रै खुम्च्याउन खोजेजस्तो देखिन्छ । महिला मात्रै नभएर सबै सीमान्तकृत र कमजोर पारिएका वर्ग, जाति, लिंग र विभिन्न सांस्कृतिक समूह दलको प्राथमिकतामा परेका छैनन् ।

उनीहरूलाई मुद्दा त केवल भोट लिन र सत्तामा आफूहरू टिकाउनका लागि प्रयोग गरिएको देखिन्छ । भित्रैदेखि साँच्चै नै रुपान्तरणाकारी र मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने र उनीहरूको योगदानलाई मूल्याक्तन गर्ने काम भएन । सीमान्तकृत समुदायलाई प्राथमिकता दिने कुरामा दलहरू अत्यधिक अनुदार देखिएका छन् । उदाहरणाको लागि दलित समुदायबाट एमालेले २, माओवादीले २ र कांग्रेसले १ जना उम्मेदवार मात्र उठाएका छन् । महिलाको उम्मेदवारीलाई नै केवल ९–१० प्रतिशतमा सीमित गरिएको छ ।

उम्मेदवारी नै यति कमजोर भएपछि यसमध्ये जित्ने कति होलान् ? अझ हार्ने र कमजोर ठाउँमा मात्र दलहरूले महिलालाई उम्मेदवार बनाउने अभ्यास पुरानै हो । उम्मेदवार मात्रै होइन, प्रस्तावक र समर्थकमा पनि महिला नगन्य छन् । राजनीतिक प्रक्रियाहरूमा नै यो सहभागिता थप कमजोर बन्दै गइरहेको छ । यी सबै अभ्यासले दलहरू दलित, महिला, सीमान्तकृत वर्गप्रति राजनीतिक रूपले साँच्चै इमानदार थिएनन् भन्ने संकेत गर्छ । यो आशंका धेरै पहिलादेखि थियो । आन्दोलनको रापतापमा उनीहरूले एउटा सम्झौता गरे, तर यसप्रति उनीहरूको इमानदारी र प्रतिबद्धता कति कमजोर रहेछ भन्ने अहिले प्रमाणित भइरहेको छ ।

समानुपातिक र समावेशिताको मुद्दा तथ्यांकमा हेरिने कुरा मात्रै होइन, यो त राष्ट्र निर्माणको मुद्दा हो । कुनै निश्चित जाति, धर्म, संस्कृति, एउटा वर्ग र लिंगको मानिसले मात्र राज्य चलाउनु राष्ट्र निर्माण होइन । यसरी सत्ता चलाउन सकिएला तर राष्ट्र निर्माण गर्न सकिन्न । राष्ट्र निर्माणमा यी सबै वर्ग, समुदाय, क्षेत्र र लिंगको भूमिका, योगदान र सहभागिता विना संभव छैन ।

कुनैबेला समानुपातिक र समावेशिताको मुद्दा बोकेर राजनीति गर्ने शक्ति पनि अहिले अनुदार देखिए । त्यसैले यहाँनेर दलहरूलाई उदार र अनुदार भनेर वर्गीकरण गर्नुभन्दा एकैठाउँमा राख्न सकिन्छ । अनुदार दल त हिजैदेखि अनुदार थिए, उनीहरूबाट आशा गर्ने कुरै भएन । उनीहरूबाट आश गर्नु नै गल्ती हो । तर, उदार भन्ने दलहरू जसले ठूला ठूला राजनीतिक परिवर्तनको नेतृत्व गरे, उनीहरूले परिवर्तनलाई आफूले चाहेजस्तै तार्किक निष्कर्षमा पुर्‍याउने भन्दा पनि आफू सत्तामा जानको लागि मात्रै यो समुदाय प्रयोग गरिएको रहेछ ।

राष्ट्र निर्माण, रुपान्तरण र राजनीतिक–सामाजिक परिवर्तन भन्दा पनि यी नारा बोकेर सत्तामा पुग्ने, सत्तामा पुग्न सबैलाई प्रयोग गरेर आफू सत्तामा पुग्न यी समुदायहरू प्रयोग भएका रहेछन् । प्रयोग भएका मानिसहरूको राष्ट्र निर्माणको काममा सहभागिता हुने कुरै भएन । परिवर्तनका एजेन्डाहरू कमजोर र विस्तारै उल्टिने खतरा बढिरहेको छ । यो एकप्रकारले पश्चगमन हो । समाज पछाडि फर्किरहँदा सचेत नागरिक सधैं तमासा हेरेर मात्रै बस्दैनन् ।

आफूलाई चाहिने बेला प्रयोग गर्ने, चाहिने जसो तरिकाले प्रयोग गर्ने, चाहिने जति प्रयोग गर्ने, चाहिनेलाई प्रयोग गर्ने र आफू सबैतिरबाट सुरक्षित महसुस गरेपछि चाहिएन । यो प्रवृत्ति परिवर्तनकारी भनिएका दलहरूमा पनि देखियो । यी शक्तिले गणतन्त्र ल्याए, गणतान्त्रिक सरकार निर्माण गरे, तर गणतान्त्रिक राष्ट्र निर्माण गर्न सकेनन् । राज्यसत्ता निर्माण गर्ने भनेको सरकार चलाउने, संरचना चलाउने, राज्य चलाउने, दैनिक कारबाही चलाउने कुरा हो । तर राष्ट्र निर्माण भनेको नेपाल राष्ट्रको सामाजिक बनोट, सामाजिक चरित्र, सांस्कृतिक विविधतालाई सकारात्मक शक्तिको रूपमा सदुपयोग गर्दै राष्ट्रलाई सम्पन्न कसरी बनाउने भन्ने हो ।

सम्पन्न बनाउने भनेको सबै तीन करोड नेपाली नै सम्पन्न हुनुपर्‍यो । हुनेखाने टाठाबाठा त्यो पनि एउटा निश्चित जाति, धर्म, संस्कृति र भूगोलका मान्छे मात्रै सम्पन्न भएर भएन । बजार सम्पन्न भएर भएन । शहरमा पुल बनेर भएन । राष्ट्र निर्माणमा सीमान्तकृत समुदायलाई प्रयोग गरियो उनीहरुको भूमिका र योगदानलाई इँटाको रुपमा लगाउन सकेनन् । हाम्रोमा अर्को डरलाग्दो अभ्यास भइरहेको छ । जसलाई कल्पना गरेर समानुपातिक र समावेशिताको मुद्दा उठाइयो, उनीहरू प्राथमिकतामा छैनन् । अहिले सत्ता संरचनामा सीमित रूपमा समावेशी कोटाबाट पर्नेहरू मूलतः आरक्षण गर्न नपर्ने मानिसहरू छन् । पुस्तान्तरण भनिएको छ– नेताकै परिवारका सदस्यले त्यो कोटा पाएका छन् । आवाजविहीन, अधिकारविहीन

(बाँकी तेश्रो पेजमा)

# भक्तपुरमा तयार हुँदैछ तिहारको पाला

भक्तपुर, २५ असोज ।

नेपालीको दोस्रो ठूलो पर्व तिहार नजिक आउँदैछ । बजारमा तिहारका लागि आवश्यक पालाको माग बढेसँगै भक्तपुरका कुमाले समुदायलाई यतिखेर पाला बनाउने, सुकाउने, पोलेर पूरा तयार गरी बजार पठाउन भ्याइनभ्याइ भएको छ । 'तिहार आउन अझै दुई साता बाँकी छ । मागअनुसारको पाला एक हप्ताभित्र पठाउनुपर्छ', भक्तपुर तालाक्वका गङ्गालक्ष्मी प्रजापतिले भने । तिहार नजिकिएसँगै तालक्वका कुमाले समुदायको दिनचर्या नै पाला तयार गर्नेमै बित्ने गरेको गङ्गालक्ष्मी बताउँछिन् । तिहारमा पालाको माग अत्यधिकमात्रामा




उच्च हुने भएकाले यो समय कुमालेले अन्य भाँडा बनाउने कामलाई थाँती राखेका छन् । तिहारमा लक्ष्मी पूजाका लागि बाहिरी जिल्लाबाट माग आउने भएकाले अन्य भाँडा बनाउने कामलाई

(बाँकी तेश्रो पेजमा)

# लमजुङमा लेक लागेर दम्पतीको मृत्यु

सर्लाही, २५ असोज ।

सर्लाहीको लालबन्दी नगरपालिका–१२, पत्थरकोटका एक दम्पतीको लमजुङको मेमेपोखरीबाट फर्किने क्रममा लेक लागेर मृत्यु भएको छ । लालबन्दी नगरपालिका–१२ पत्थरकोटस्थित स्याङ्बो डाँडाका २७ वर्षीय बुद्धिमान योञ्जन र उहाँकी श्रीमती २६ वर्षीया शर्मिला तामाङको मेमेपोखरी घुमेर फर्किने क्रममा लेक लागेर यही असोज १९ गते दसैंको टीकाको राति मृत्यु भएको हो ।



योञ्जन दम्पतीको शव सोमबार सर्लाही ल्याइएको छ। दोर्दी र मस्याङ्दी गाउँपालिकाको सीमा क्षेत्रमा करिब तीन हजार नौ सय मिटर उचाइको स्याङ्बोमा लेक लागेर उनीहरुको ज्यान गएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी नायब उपरीक्षक प्रकाश श्रीमलले जानकारी दिए ।

योञ्जन दम्पतीसँगै गएका बेंसीसहर नगरपालिका–१०, साँधुका १८ वर्षीय करण तामाङको मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ । करिब चार हजार मिटर आसपास जुम्रोडाँडा क्षेत्रमा ढलेका योञ्जन भोलिपल्ट बिहीबार मृत भेटिएका थिए । उनकी श्रीमती भने हराइरहेकी थिइन् । उनको शव शनिबार फेला परेको थियो । लमजुङको दोर्दी र दूधपोखरी गाउँपालिकाको सिरानमा पर्ने मेमेपोखरी पुग्न लमजुङ सदरमुकाम बेंसीसहरबाट कम्तीमा तीन दिन लाग्छ ।
(साभार–अनलाइनखबर)

# दाङमा ११ वर्षीया बालिकामाथि यौन दुर्व्यवहार

दाङ, २५ असोज ।

दाङमा घरमा काम गर्न राखेको बालिकामाथि यौन दुर्व्यवहार गरेको प्रहरीमा उजुरी परेको छ । ११ वर्षीया बालिकामाथि यौन दुर्व्यवहार गरेको भन्दै घोराही–१३ का ऋषि पोखरेलविरुद्ध उजुरी परेको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रमुख विरबहादुर वलीले बताए। 'अहिलेसम्म यौन दुर्व्यवहार भएको उजुरी परेको छ' प्रहरी प्रमुख वलीले भने, 'यौन दुर्व्यवहार हो की करणी नै हो भन्ने कुरा अनुसन्धान गरिरहेका छौं ।'




प्रहरी प्रमुख वलीका अनुसार आरोपी पोखरेलले आफ्नो घरमा काम गर्न बसेकी बालिकामाथि पटक–पटक यौन दुर्व्यवहार गर्दै आएको भन्दै पीडितले जाहेरी दिएकी थिइन् । पीडितले दिएको जाहेरीका आधारमा आरोपी पोखरेलको खोजी कार्य भइरहेको जनाएको छ । पीडितको परिवारले भने मुद्दामा यौन दुर्व्यवहार भनिएपनि बालिकामाथि करणी नै भएको बताउँछ । पीडित परिवारका अनुसार बालिका पोखरेलको घरमा गत वैशाखदेखि काम गर्न बसेकी थिइन् । पोखरेलले बालिकालाई असार यता पटक–पटक धाक धम्की देखाएर करणी गर्दै आएको पीडित परिवारले बताएको छ । (साभार–अनलाइनखबर)

# कात्तिक २ र ३ गते देशभरका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइदै

काठमाण्डौं, २५ असोज ।

सरकारले पाँच वर्ष मुनिका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल र जुकाको औषधि खुवाउने तयारी गरेको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत परिवार कल्याण महाशाखाले आगामी कात्तिक २ र ३ गते भिटामिन ए क्याप्सुल र जुकाको औषधि खुवाइने जनाएको छ । भिटामिन ए कार्यक्रममार्फत ६ देखि ५९ महिनाका बाललिकाहरुलाई भिटामिन ए क्याप्सुल खुवाइनेछ। यस्तै १ देखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइने विभागले जनाएको छ ।




दुई दिने अभियानमा ६ देखि ५९ महिनाका करिब २७ लाख बालबालिकाहरुलाई भिटामिन ए र २३ लाख ९३ हजार बढी बालबालिकाहरुलाई जुकाको औषधि खुवाईने महाशाखाले जनाएको छ। ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले विसं २०५० बाट भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ । जुकाको औषधि विसं २०५६ बाट खुवाउन थालिएको हो ।

'राष्ट्रिय भिटामिन ए' कार्यक्रममा देशभरिका ५२ हजार स्वास्थ्य स्वयंसेविकामार्फत बालबालिकालाई खुवाउने गरिन्छ । महाशाखाले आफूलाई पायक पर्ने खोप केन्द्रमा गएर बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने अभिभावकलाई आग्रह गरेको छ । महाशाखाका निर्देशक डा. विवेक कुमार लालले कार्यक्रम सञ्चालनका लागि सहयोग तथा प्रचार प्रसारका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरिदिन समेत अनुरोध गरेका छन् । महाशाखाले अभियान बारे प्रदेश स्वास्थ्य निर्देशनालय, ७७ जिल्ला तथा ७५३ पालिकालाई समेत जानकारी गराइसकेको बताएको छ । (साभार–अनलाइनखबर)

# 'कफ सिरप' नाम औषधि सेवन नगर्न डब्लूएचओको सुझाव

काठमाण्डौं, २५ असोज ।

विश्व स्वास्थ्य संगठनले भारतले उत्पादन गरेका चार ब्रान्डका कफ सिरप औषधि सेवन नगर्न सुझाएको छ। सो औषधिका कारण गाम्बियामा ६६ जना बालबालिकाको मृत्यु भएको आशंका गरिएको छ । विश्व स्वास्थ्य संगठनले कफ सिरप औषधिले स्वास्थ्यमा गम्भीर खालको असर पुर्‍याई बालबालिकाको मृत्यु भएको हुनसक्ने औंल्याएको हो । भारतको मेडन फर्मास्युटिकल्स कम्पनीले बालबालिकालाई खुवाउने रुघाखोकीको सो औषधि सेवनपछि ती बालबालिकाको मृत्यु भएको हुन सक्ने जनाएको छ। डब्लुएचओले प्रयोग नगर्न भनेको औषधिमा कोफ्याक्समेलिन बेबी सिरप, प्रोम्याथेजिन ओरल सलुसन, मेकअफ बेबी कफ सिरफ र मेगरिप एन्ड कोल्ड सिरप छन् ।

६६ जना कलिला बालबालिकाको मृत्यु उनीहरुका परिवारको लागि हृदय विदारक रहेको डब्लूएचओका प्रमुख डा. टेड्रोस गेब्रेयसले बताएका छन् । यसैबीच औषधि व्यवस्था विभागले ती चार खालका औषधि नेपालमा दर्ता भएका छैनन् भने विक्री वितरण पनि भएको पाइएको छैन ।
(साभार–रातोपाटी)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा